जनगणनाको १०० वर्ष (१९६८ - २०६८)

# इलाका सुपरिवेक्षकको निर्देशिका

## राष्ट्रिय जनगणना २०६८

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
**केन्द्रीय तथ्याङ्क विभाग**
नेपाल २०६७

## प्राक्कथन

केन्द्रीय तथ्याङ्क विभागले २०६८ सालको जेठ–असार महिनामा राष्ट्रिय जनगणनाको तथ्याङ्क सङ्कलन कार्य सञ्चालन गर्ने कार्यक्रम रहेको छ । सम्पुर्ण देशभर सञ्चालन हुने यस जनगणनामा नेपालको जनसङ्ख्या र यससँग सम्बन्धित विविध विवरणहरु सङ्कलन गरिनेछन् ।

यो निर्देशिका इलाका सुपरिवेक्षकहरुको लागि तयार गरिएको हो । यो निर्देशिकाले जनगणनाको गणना कार्यमा संलग्न इलाका सुपरिवेक्षकहरुको काम, कर्तव्य र जिम्मेवारीको वारेमा जानकारी गराउनेछ । जनगणना कार्यमा संलग्न हुने इलाका सुपरिवेक्षकहरुले यो निर्देशिकाका अतिरिक्त गणना निर्देशिका, सुपरिवेक्षक निर्देशिका, तालिम निर्देशिका र अन्य निर्देशिकाहरुमा लेखिएका विषयमा समेत पूर्णरुपमा जानकारी राख्नु पर्दछ ।

प्रत्येक दश-दश बर्षपछि सञ्चालन गरिने राष्ट्रिय जनगणना २०६८ को विशेष महत्व रहेको हुन्छ । नेपालको जनगणनाको इतिहासमा १०० वर्ष पुगेको अवसरमा सम्पन्न हुने यो एक अति महत्वपूर्ण गणना कार्य हो । यस महत्वपूर्ण कार्यमा संलग्न हुने सबैले आ-आफ्नो तहबाट यथासम्भव प्रयत्न गरेमा गणनामा कोही नछुटौं र कोही नदोहोरिऔं भन्ने उक्ति सार्थक भई गणना कार्यको यो राष्ट्रव्यापी अभियान सफल हुनेछ ।

राष्ट्रिय जनगणना २०६८ को इलाका सुपरिवेक्षकको निर्देशिका लेखन कार्यको समन्वय गरी निर्देशिकालाई अन्तिम रूप दिन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने केन्द्रीय तथ्यांक विभाग, सामाजिक तथ्यांक महाशाखाका प्रमुख उप-महानिर्देशक श्री विकास विष्टलाई विशेष धन्यवाद दिन चाहन्छु । निर्देशिका तयारीको क्रममा आवश्यक निर्देशन तथा सुपरिवेक्षण गर्नुहुने जनसंख्या शाखाका निर्देशक डा. रुद्र सुवाललाई पनि धन्यवाद दिन चाहन्छु । इलाका सुपरिवेक्षकसँग सम्बन्धित प्रमुख अवधारणा तथा परिभाषा, काम, कर्त्तव्य र गणनाका नियम आदिमा परिमार्जन तथा सरलीकरण गरी निर्देशिका तयार गर्ने कार्यमा शुरुदेखि लाग्नुहुने यस विभाग जनसंख्या शाखाका तथ्यांक अधिकृतहरू श्री दामोदर ज्ञवाली, श्री ज्ञानेन्द्र बज्राचार्य र श्री महेश चन्द प्रधानलाई विशेषरुपले धन्यवाद दिन चाहन्छु । यो निर्देशिकाको सम्पादनमा सहयोग गर्नुहुने विभागका निर्देशकहरु डिल्लीराज जोशी, श्री शंकर लाल श्रेष्ठ, उपसचिब श्री राम बहादुर घिमिरे, उपसचिब (लेखा) श्री कृष्ण राना, तथ्यांक अधिकृतहरु श्री बद्रि कुमार कार्की, श्री शरद राज नेपाल, श्री यदुनाथ आचार्य, श्री प्रकाश पोखरेल, श्री पृथ्वी बिजयराज सिजापती र कार्टोग्राफर अधिकृत श्री दामोदर दाहाललाई पनि धन्यवाद दिन चाहन्छु । निर्देशिका तयार गर्न सहयोग पुऱ्याउने यस विभाग तथा शाखा तथ्यांक कार्यालयका कर्मचारीहरु, महत्वपूर्ण सुझाव दिनुहुने निर्देशक समिति, प्राविधिक समिति, लैंङ्गिक तथा सामाजिक समावेशीकरण समितिका पदाधिकारीहरू तथा जनगणना कार्यमा सहयोग गनुहुने विभिन्न दातृ निकायहरुलाई पनि विशेष धन्यवाद दिन चाहन्छु । यो निर्देशिकाको कम्प्युटर डिजाइन तथा सम्पादन कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने कम्प्युटर अधिकृत श्री सुरेश प्रसाद कायस्थ, कम्प्युटर सहायक श्री राजु पोखरेल र टा.ना.सु. श्री निलम थापालाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्तमा, जनगणनामा संलग्न रहने सम्पूर्ण व्यक्तिहरु, उत्तरदाता र तथ्यांक प्रयोगकर्ताहरूका लागि समेत यो पुस्तिका उपयोगी हुने विश्वास गरेको छु ।

उत्तमनारायण मल्ल
महानिर्देशक
केन्द्रीय तथ्याङ्क विभाग

## परिच्छेद १

# राष्ट्रिय जनगणना २०६८: सामान्य जानकारी

### १.१ परिचय

नेपालमा अक्सर बसोबास गरेका सबै परिवारहरुको पारिवारिक विवरणसहित जम्मा जनसङ्ख्या र यसको जनसांख्यिक, सामाजिक र आर्थिक पक्ष सम्बन्धी विवरण सङ्कलन गर्ने उद्देश्यले विक्रम संवत् २०६८ मा केन्द्रीय तथ्याङ्क विभागले राष्ट्रिय जनगणना, २०६८ को गणना कार्य सञ्चालन गर्दैछ । यस जनगणनामा करिव ३४ हजार गणकहरुले मुलुकभर तथ्याङ्क सङ्कलन गर्नेछन् । यस महत्वपूर्ण कार्यमा गणकबाहेक, विभिन्न तहका कर्मचारीहरु समेत संलग्न हुनेछन् ।

यो निर्देशिका इलाका सुपरिवेक्षकका लागि तयार गरिएको हो । यस निर्देशिकामा इलाका सुपरिवेक्षकहरुले गर्नुपर्ने कामहरुको बारेमा चर्चा गरिएको छ ।

यस निर्देशिकाका मुख्य उद्देश्यहरु निम्नबमोजिम छन् :

१. जनगणनाको सामान्य परिचयका साथै यसका विविध पक्षको जानकारी गराउने ।
२. जनगणनाको सांगठनिक एवं प्रशासकीय पक्षहरुको सामान्य परिचय गराउने ।
३. इलाका सुपरिवेक्षकको काम, कर्तव्य र जिम्मेवारीको जानकारी गराउने ।

यो निर्देशिकामा इलाका सुपरिवेक्षकसँग सोझै सम्बन्धित कुराहरु मात्र परेका छन् । जनगणनाका सबै पक्ष यसमा समाबेश भएका छैनन् । त्यसकारण इलाका सुपरिवेक्षकहरुले आफ्नो काम, कर्तव्यको सन्दर्भमा यो निर्देशिकाका साथै गणना निर्देशिका, सुपरिवेक्षक निर्देशिका र अन्य निर्देशिका समेतको जानकारी राख्नुपर्दछ । यी निर्देशिकाहरुमा लेखिएका कुराहरुको पालन गरेमा संकलित तथ्याङ्कको गुणस्तर बढ्न जाने कुरा निश्चित छ । कुनै विशेष परिस्थितिवश यस निर्देशिकामा लेखिएभन्दा भिन्दै प्रकृया अपनाउनुपर्ने भएमा जिल्ला जनगणना कार्यालयमा सम्पर्क गरी निर्देश भएवमोजिम गर्नु गराउनुपर्दछ । गणनासम्बन्धी कार्यमा उपर्युक्त निर्देशिकाहरुको आवश्यकता पर्ने भएकोले इलाका सुपरिवेक्षकहरुले अनिवार्यरुपमा यी निर्देशिकाहरु सधैं आफूसँगै राख्नुपर्दछ ।

## १.२ जनगणना

जनगणना कुनै पनि देशको निर्धारित सीमानाभित्र बसोबास गर्ने संपूर्ण व्यक्तिहरुको सम्बन्धमा जनसाँख्यिक, सामाजिक तथा आर्थिक विवरणहरु संकलन, प्रशोधन, सारिणीकरण एवं प्रकाशन गर्ने समष्टिगत प्रक्रिया हो । संसारका प्रायजसो मुलुकहरुमा जनगणना प्रत्येक दश-दश वर्षमा गर्ने चलन रहेको छ । यस गणनामा देशभित्र अक्सर बसोबास गरेका सम्पूर्ण व्यक्तिहरुको एक निश्चित समयमा विवरण संकलन गरिन्छ ।

नेपालको जनगणनाको श्रृंखलामा २०६८ सालको राष्ट्रिय जनगणना एघारौं जनगणना हो । यस गणनाका लागि विक्रम सम्बत २०६८ साल असार ८ गतेलाई **गणना दिवस (Census Day**) मानिएको छ ।

## १.३ जनगणनाको उद्देश्य

राष्ट्रिय जनगणना २०६८ का प्रमुख उद्देश्यहरु निम्नबमोजिम छन् :

१. नेपालको जनसङ्ख्याको आकार, बनौट र वितरणसम्बन्धी समष्टिगत तथ्याङ्क सङ्कलन गर्ने ।
२. सामाजिक, आर्थिक विकास योजना तर्जुमा र अन्य कार्यका लागि आधारभूत तथ्याङ्क (Benchmark Data) उपलब्ध गराउने ।
३. परिवारले उपयोग गरेका सुविधाहरुको साथै अन्य पारिवारिक विवरण सङ्कलन गर्ने ।
४. नमूना सर्वेक्षणहरुको लागि भरपर्दो आधारसूची (Frames) प्रदान गर्ने ।
५. देशको तल्लो प्रशासनिक इकाइहरुको समेत तथ्यांक उपलब्ध गराउने ।

## १.४ जनगणनाको आवश्यकता र महत्व

जनगणना एक राष्ट्रिय प्राथमिकताप्राप्त कार्यक्रम हो । जन्म, मृत्यु, बसाइँसराइ घटना दर्ता प्रणालीले स्थायित्व प्राप्त गर्न नसकेको अबस्थामा जनगणनाको विकल्प अरु नभएबाट पनि नेपालमा जनगणनाको महत्व बिशेष रहेको छ । देशको योजनाबद्ध बिकासका लागि सामाजिक, आर्थिक तथा जनसांख्यिक विवरणहरुको ठूलो महत्व हुन्छ । जनगणनाबाट प्राप्त तथ्यांकले नीति निर्माण, योजना तर्जुमा तथा अनुसन्धानको लागि धेरै नै मद्दत पु¥याउंछ । यसरी हामीलाई हाम्रो सामाजिक, आर्थिक, जनसांख्यिक अवस्थाका विविध पक्षको बारेमा

जनगणनाबाट तथ्य जानकारी हुनआउंछ । जनगणना एक बृहत् एवं महत्वपूर्ण कार्य हो । यसमा देश भित्र बसोबास गरेका सम्पूर्ण व्यक्ति तथा परिवारहरुको घरदैलोमा पुगेर सम्पूर्ण पारिवारिक एवं वैयक्तिक विवरण सङ्कलन गरिन्छ ।

जनगणना एक राष्ट्रिय तथा सवैधानिक महत्वको कार्यक्रम हो । नेपालको अन्तरिम संविधान, २०६३ ले नेपालको राष्ट्रिय जनगणनालाई थप महत्व दिएको छ । जनगणनाबाट निश्चित भएको जनसंख्या र जिल्लाबाट व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्ने विधायक संख्याको प्रत्यक्ष सम्बन्ध रहेको छ ।

यी माथि उल्लिखितबाहेक जनगणनाको निम्न महत्वहरु रहेको पाइन्छ ।

- देशको तल्लो प्रशासनिक इकाइ वडा तहसम्मको जनसंख्या तथा परिवार संख्या निकाल्न सकिने ।
- उमेर, लिंग, जात/जाति, भाषा, धर्म, अपांगता जस्ता पूर्ण सामाजिक सूचनाहरु निकाल्न सकिने ।
- जनसंख्याको आर्थिक क्रियाकलापसम्बन्धी विवरणहरु चित्रण गर्न सकिने ।
- साक्षरता, शैक्षिक स्थिति, हाल विद्यालय जाने जनसंख्याको स्थिति थाहा हुने ।
- प्रजनन् दर, मृत्युदर, मातृ मृत्युदर, बसाइँसराइसम्बन्धी सूचकहरु प्राप्त हुने ।
- विदेश गएका अनुपस्थित जनसंख्याको उमेर, लिंग, शैक्षिक स्थितिअनुसार सूचकहरु तयार हुने ।
- परिवार वसेको घरको स्वामित्व, संरचना, खानेपानीको स्रोत, खाना पकाउन प्रयोग गरिने इन्धन, बत्ती बाल्न प्रयोग गरिने स्रोत, परिवारमा प्रयोगमा रहेका रेडियो, टेलिभिजन जस्ता साधनहरुको उपलब्धता, कृषिबाहेक साना व्यवसायमा संलग्न परिवार जस्ता विवरणहरु प्राप्त गर्न सकिने ।
- जनगणनाबाट प्राप्त सूचकहरुबाट विकास कार्यक्रमले जनजीवनमा पारेको प्रभावबारे अध्ययन तथा मूल्यांकन गर्न सकिने ।
- महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाहरु निर्धारण गर्न आधार प्राप्त हुने ।
- सहस्राब्दी विकास लक्ष्यहरुको मूल्यांकन तथा अनुगमन गर्न भरपर्दो सूचकहरु उपलब्ध हुने ।
- आर्थिक, सामाजिक तथा विभिन्न विकास कार्यक्रम तर्जुमा तथा अध्ययन, अनुसन्धान गर्न सहयोग पुग्ने ।

## १.५ कानूनी आधार

तथ्याङ्क ऐन, २०१५ ले राष्ट्रियस्तरका गणनाहरु तथा तथ्यांकीय सर्वेक्षणहरु सञ्चालन गर्ने जिम्मेवारी केन्द्रीय तथ्याङ्क विभागलाई दिएको छ । ऐनको दफा ४ ले नेपाल सरकारलाई सूचित आदेश प्रकाशित गरी जुनसुकै प्रकारको तथ्याङ्क संकलन गर्ने अधिकार दिएको छ । यसै सन्दर्भमा, राष्ट्रिय जनगणना २०६८ संचालन गर्नका लागि नेपाल सरकारले सूचित आदेश जारी गरेको छ ।

## १.६ तथ्याङ्कको गोपनीयता

तथ्याङ्क ऐन, २०१५ ले व्यक्तिगत तथ्याङ्कको गोपनीयताको प्रत्याभूति पनि गरेको छ । यस सन्दर्भमा उक्त ऐनको दफा ८ महत्वपूर्ण देखिन्छ : "*संकलित कुनै व्यक्तिगत वा कुनै परिवार वा फर्म वा कम्पनीसम्बन्धी विवरण वा खवर वा त्यसको कुनै अंश सो खवर वा विवरण दिने व्यक्तिको वा निजद्वारा अधिकार प्राप्त प्रतिनिधिको लिखित स्वीकृतिविना महानिर्देशक वा विभागको अधिकृतबाहेक अरु कसैलाई प्रत्यक्षरुपबाट देखाउन वा प्रकाशित गर्न*" ऐनले प्रतिबन्ध लगाएको छ ।

## १.७ गणना विधि

राष्ट्रिय जनगणना २०६८ मा दुई चरणमा गणना कार्य सम्पन्न गरिनेछ । पहिलो चरणअन्तर्गत सुपरिवेक्षकहरुले आफूलाई खटाइएको गणना क्षेत्रको सम्पूर्ण घरपरिवारहरुको सूचीकरण कार्य गर्नेछ । यस कार्यअन्तर्गत परिवारमूलीको नाम, परिवारमा अक्सर बसोबास गर्ने जम्मा जनसंख्या, पुरुष, महिला, तेस्रो लिंगी व्यक्ति, कृषिसम्बन्धी विवरण, गैरकृषि साना व्यवसायबारे विवरण संकलन गरिन्छ । यसरी संकलित सूचीकरण विवरणबाट गणकहरुलाई आवश्यक पर्ने विवरणहरु मात्र उतारी सूचीकरण उतार फाराम तयार गर्नुपर्दछ । **यही उतार फाराममा तथ्यांकीय छनौट विधि (Sampling Method) बाट लगत २ को विवरण भर्नका लागि घरपरिवारहरु छानिन्छन् ।** परिवार छनौट विधिसम्बन्धी विवरण सुपरिवेक्षक निर्देशिकामा विस्तृत विधिहरु वर्णन गरिएको छ ।

राष्ट्रिय जनगणना २०६८ मा दोस्रो चरणको कार्यमा दुई प्रकारका प्रश्नावली लगतहरुबाट बिवरण सङ्कलन गरिन्छ । लगत १ मा देशका सबै परिवार र व्यक्तिको विवरण सङ्कलन गरिन्छ भने लगत २ मा छानिएका परिवारहरुको मात्र विवरण सङ्कलन गरिन्छ ।

## १.८ जनगणनाको संगठनात्मक स्वरुप

नेपालभर अक्सर बसोबास गर्ने सम्पूर्ण व्यक्तिहरुको निश्चित एकै समयावधिमा गणना सम्पन्न गर्नुपर्ने जनगणना एक बृहत् तथ्याङ्कीय कार्य हो । जनगणना सम्पन्न गर्ने प्रमुख दायित्व केन्द्रीय तथ्याङ्क विभागमा रहेको छ । विभागीय प्रमुखका हैसियतले सम्पूर्ण जिम्मेवारी महानिर्देशकमा रहेको हुन्छ । विभागभित्र पनि जनगणना संचालन गर्ने मुख्य जिम्मेवारी सामाजिक तथ्याङ्क महाशाखाअन्तर्गत जनसंख्या शाखाको हो भने यस वृहत कार्य संचालनका लागि विभागका अन्य शाखाहरु समेत यस कार्यमा संलग्न रहन्छन् ।

राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क सङ्कलन कार्यका लागि नेपालका सबै ७५ जिल्लामा ८० जिल्ला जनगणना कार्यालयहरु स्थापना गरिएका छन् । काठमाण्डौ जिल्लामा ३ वटा जनगणना कार्यालयहरु स्थापना गरिएका छन् । केन्द्रीय तथ्याङ्क विभागका ३३ शाखा तथ्यांक कार्यालयहरुलाई जिल्ला जनगणना कार्यालयको जिम्मेवारी प्रदान गरिएको छ । शाखा तथ्याङ्क कार्यालय नभएका ४२ जिल्लाहरुमा जनगणनाको तथ्याङ्क संकलन कार्यका लागि जिल्ला जनगणना कार्यालय स्थापना गरिएका छन् । यसबाहेक सबै जिल्लामा गरी बढीमा ३५० इलाका कार्यालयहरु स्थापना गरिनेछन् ।

राष्ट्रिय जनगणना २०६८ को सम्पूर्ण कार्य सरल, प्रभावकारी एवं सुचारुरुपले सञ्चालन गर्न जनगणना निर्देशक समिति, जनगणना प्राविधिक समिति, जनगणनाको अन्य समितिहरु एवं जिल्ला जनगणना समन्वय समितिको सहयोग लिइनेछ ।

सरल एवं सुचारु ढंगले कार्य संचालन गरी भरपर्दो तथा स्तरीय जनसंख्या तथ्याङ्क संकलन गर्न विकेन्द्रीकरणको सिद्धान्तअनुरुप नै जनगणनाको संगठनात्मक स्वरुप तयार हुनुपर्ने तथ्य स्पष्ट छ । अतः देशको प्रशासनिक विभाजन, भौगोलिक स्थिति तथा जनसंख्या वितरण स्थितिलाई मुख्य आधार लिई राष्ट्रिय जनगणना २०६८ को गणना कार्य संचालन ( Field Operation) को संगठनात्मक स्वरुप तयार गरिएको छ । यसअनुसार राष्ट्रिय जनगणना २०६८ को गणना कार्य संचालनको लागि प्रशासकीय दृष्टिकोणले जनगणनाको फिल्ड संगठनलाई मुख्यतः निम्नानुसार तीन तहमा विभाजन गरिएको छ ।

(क) केन्द्रीय तथ्यांक विभाग

(ख) जिल्ला जनगणना कार्यालय

(ग) इलाका जनगणना कार्यालय

### १.८.१ जिल्ला जनगणना कार्यालय

राष्ट्रिय जनगणना २०६८ को गणना कार्य संचालनको लागि देशभरिका ७५ वटै प्रशासनिक जिल्लाहरुमा जिल्ला जनगणना कार्यालयको स्थापना गरिएको छ । यी जिल्ला जनगणना कार्यालयहरुको सम्वन्धित जिल्लामा जनगणनाको स्थलगत गणना कार्य सफलतापूर्वक संचालन गर्ने पूर्ण जिम्मेवारी रहेको छ । जनगणनाका कार्यहरु सम्पन्न गर्न प्रत्येक जिल्ला जनगणना कार्यालयमा एक जना जनगणना अधिकृत, लेखापाल वा सहलेखापाल, कार्यालय सहयोगी तथा तोकिएअनुसारको संख्यामा इलाका सुपरिवेक्षकहरु रहनेछन् । यसबाहेक जिल्लाको जनघनत्व तथा जनसंख्याको भौगोलिक बितरणअनुसार सुपरिवेक्षक तथा गणकहरु परिचालन हुनेछन् ।

जिल्ला जनगणना अधिकृत आफूलाई तोकिएको जिल्लाको गणना कार्यका लागि जिम्मेवार हुनेछन् । निजले गणना कार्यको सुपरिवेक्षण तथा छड्के निरीक्षण पनि गर्नुपर्दछ । निजले गणना कार्यको प्रगति र आफूले गरेका प्रमुख निर्णयहरुको जानकारी विभागमा पठाउनुपर्नेछ ।

जनगणनाको स्थलगत गणना कार्य संचालन गर्न प्रत्येक जिल्लामा स्थापना हुने जिल्ला जनगणना कार्यालयलाई सहयोग तथा सुझाव दिनको लागि जिल्ला जनगणना समन्वय समिति गठन गरिन्छ । प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा निम्नानुसारका सदस्यहरु सम्मिलित हुने गरी यो समिति गठन गरिनेछ ।

- प्रमुख जिल्ला अधिकारी — अध्यक्ष
- स्थानीय विकास अधिकारी — सदस्य
- जिल्ला शिक्षा अधिकारी — सदस्य
- प्रमुख, जिल्ला प्रहरी कार्यालय — सदस्य
- प्रमुख, महिला विकास कार्यालय — सदस्य
- प्रमुख, जिल्ला जनस्वास्थ्य /स्वास्थ्य कार्यालय — सदस्य
- प्रमुख, जिल्ला कृषि विकास कार्यालय — सदस्य
- प्रमुख, कोष तथा लेखा नियन्त्रकको कार्यालय — सदस्य
- आमन्त्रित ४ जना — सदस्य
- जिल्ला जनगणना अधिकृत — सदस्य सचिव

यस समितिमा आमन्त्रित सदस्यसहित अधिकतम १३ (तेह्र) जना सदस्यहरु हुनेछ ।

उक्त जिल्ला समन्वय समितिका मुख्य कार्यहरु यसप्रकार छन् ।

- जनगणना कार्य समन्वयात्मक ढंगले सम्पन्न गर्न सहयोग उपलव्ध गराउने ।
- सुरक्षा व्यवस्था गर्ने ।
- सामग्रीहरुको पूर्ण सुरक्षा तथा ढुवानी व्यवस्था गर्न सहयोग गर्ने ।
- प्रचार प्रसार गर्न आवश्यक सहयोग दिने ।
- जनगणना कार्यमा सबैको समन्वय तथा सहभागीता गराउने ।
- गणना कार्यको लागि योग्य कर्मचारीहरुको आपूर्ति गर्न सहयोग गर्ने ।
- तालिम संचालन गर्न आवश्यक  सहयोग दिने र आवश्यक अन्य विषयमा सहयोग गर्ने रहेको छ ।

### १.८.२ इलाका जनगणना कार्यालय

राष्ट्रिय जनगणना २०६८ को गणना कार्य सुगमताका साथ संचालन गरी यसको गुणस्तर एवं विश्वसनीयता अभिबृद्धि गर्न जिल्लाको जनसंख्या वितरण, क्षेत्रफल, यातायात र संचार सुविधा आदिको आधारमा प्रत्येक जिल्लालाई विभिन्न इलाकामा विभाजन गरिएको छ । ती प्रत्येक इलाकामा एक इलाका जनगणना कार्यालय स्थापना हुनेछ । जिल्ला जनगणना कार्यालय रहेको क्षेत्रमा छुट्टै इलाका जनगणना कार्यालय नखोली यसै कार्यालयले इलाकाको रुपमा पनि कार्य संचालन गर्नेछ । इलाका जनगणना कार्यालय रहने स्थान वा केन्द्र निर्धारण गर्दा निम्न कुराहरुलाई आधार मानिएको छ ।

- इलाका क्षेत्रभित्र पर्ने बाटोघाटोको सुविधा,
- इलाका जनगणना कार्यालयबाट त्यस क्षेत्रभित्रको बस्तीसम्मको दूरी र त्यहाँ पुग्न लाग्ने समय,
- संचार साधनको सुलभता,
- स्वास्थ्य चौकी, प्रहरी चौकी, विद्यालय, स्थानीय बजार तथा अन्य सुविधा आदि ।

उपर्युक्त इलाका कार्यालयको मुख्य कार्यहरु परिच्छेद २ मा वर्णन गरिएको छ ।

प्रत्येक इलाका जनगणना कार्यालयमा एक जना इलाका सुपरिवेक्षक र कार्यालय सहयोगीको व्यवस्था हुनेछ । यो राष्ट्रिय जनगणना २०६८ को स्थलगत गणना कार्य संचालन जनगणना कार्य संगठनको सबभन्दा तल्लो इकाइ कार्यालय हो ।

### १.८.३ इलाका सुपरिवेक्षक

इलाका सुपरिवेक्षक आफ्नो तोकिएको इलाकाभित्रको गणनासम्बन्धी कार्यका लागि जिम्मेवार हुनेछन् र निजले उक्त इलाकामा हुने गणना कार्यको सुपरिवेक्षण तथा नियन्त्रण गर्नुपर्दछ । साथै, तोकिएको समयमा जनगणना अधिकृतलाई कार्य प्रगतिको जानकारी दिनुपर्दछ ।

### १.८.४ गणना सुपरिवेक्षक

सुपरिवेक्षकले इलाका सुपरिवेक्षकलाई सघाउने कार्य साथै आफ्नो क्षेत्रभित्र खटाइएका गणकहरुको कामको जिम्मा दिइएको छ । सुपरिवेक्षकले आफूलाई तोकिएको क्षेत्रको घरपरिवार सूचीकरण कार्य गरी गणकका लागि निर्धारित तथ्यांकीय नमूना विधिअनुसार घरपरिवार छनौट कार्य गर्नुपर्दछ । आफूअन्तर्गतका हरेक गणकको कार्यको सुपरिवेक्षण तथा पुनरावलोकन (Review) गर्नुका साथै कामको गुणस्तर जाँचका लागि केही परिवारको गणना गर्दा गणकको साथै रही निरीक्षण गर्ने र पुनःअन्तरवार्ता (Re-interview) समेत गर्नुपर्दछ । सुपरिवेक्षकले गर्नुपर्ने कार्यहरु सुपरिवेक्षक निर्देशिकामा उल्लेख गरिएको छ ।

### १.८.५ गणक

गणकको मुख्य काम आफूलाई तोकिएको गणना क्षेत्रमा गई अक्सर वसोवास गर्ने सम्पूर्ण परिवार तथा व्यक्तिहरुको गणना (Enumeration or Interview) गर्नु अर्थात जनगणनाको निर्धारित प्रश्नावली फाराम लगत १ र लगत २ का विवरणहरु संकलन गर्नु हो । आफ्नो कामको प्रगति विवरण गणकले आफ्नो सुपरिवेक्षकलाई बुझाउनुपर्दछ । गणकले गर्नुपर्ने कार्यहरु गणना निर्देशिकामा उल्लेख गरिएको छ ।

## १.९ जनगणना कार्यको सुपरिवेक्षण

राष्ट्रिय जनगणना २०६८ को गणनामा तथ्यांकको गुणस्तर बृद्धि गर्नका लागि गणना कार्य संचालनमा देखापर्न आएका समस्याहरुको यथासंभव स्थानीय तहमै समाधान गर्नुपर्दछ । यदि स्थानीय स्तरमै समस्या समाधान हुन नसकेमा सोभन्दा माथिल्लो इकाइबाट तुरन्त समाधान हुनु जरुरी छ । यसैले विभिन्न इकाइहरु एवं गणना कार्यहरुको प्रगति विवरण प्रस्तुत गर्ने प्रकिया सरल हुनु एवं सुपरिवेक्षण निरन्तररुपमा भइरहनु पनि अति आवश्यक छ । अतः कार्य प्रगति एवं गणनासम्बन्धी केही समस्या भएमा कमशः

निम्नअनुसार सूचनाहरु प्रवाहित हुनुपर्दछ ।

| **प्रतिवेदन दिने** | **प्रतिवेदन लिने** |
|---|---|
| • गणक | सुपरिवेक्षक |
| • सुपरिवेक्षक | इलाका सुपरिवेक्षक |
| • इलाका सुपरिवेक्षक | जिल्ला जनगणना अधिकृत |
| • जिल्ला जनगणना अधिकृत | केन्द्रीय तथ्याङ्क विभाग |

कुनै पनि कार्यको सफल संचालन भई स्तरीय नतिजा प्राप्तिको लागि सुपरिवेक्षणको निकै ठूलो भूमिका रहेको हुन्छ । अतः राष्ट्रिय जनगणना २०६८ को सफलताको लागि स्थलगत गणना कार्यहरुको प्रभावकारी सुपरिवेक्षण गर्नुपर्दछ ।

### १.९.१ **इलाकास्तरबाट हुने सुपरिवेक्षण**

इलाका जनगणना कार्यालयले पनि आफ्नो इलाका गणना क्षेत्रभित्रको गणना कार्यको प्रभावकारी निरीक्षण गर्नुपर्दछ । तर गणकहरुले गर्ने गणना कार्यको प्रत्यक्ष एवं प्रभावकारी सुपरिवेक्षण एवं नियन्त्रण गर्ने मुख्य दायित्व सम्बन्धित क्षेत्र वा गाउँ विकास समितिको लागि तोकिएको सुपरिवेक्षकको नै हुनेछ ।

## १.१० राष्ट्रिय जनगणना २०६८ को कार्य तालिका

राष्ट्रिय जनगणनामा २०६८ साल असार ८ गते बिहान सूर्योदय बेलाको जनसंख्या प्राप्त गर्ने उद्देश्यअनुरुप कार्य तालिका तयार गरिएको छ । यसैअनुसार असार ८ गतेलाई जनगणना दिवसको रुपमा मनाउने कार्यक्रम रहेको छ । यसको लागि २०६८ आषाढ ३ गतेदेखि गणना प्रारम्भ गरी असार १३ गतेसम्ममा पूरा गर्नुपर्दछ । अतः राष्ट्रिय जनगणना २०६८ को सम्पूर्ण कार्यहरु तोकिएको अवधिभित्रमा सम्पन्न गर्नुपर्ने हुनाले एउटा निश्चित कार्यतालिका तयार गरिएको छ । उक्त कार्यतालिकाअनुसार जनगणनाका विभिन्न कार्यहरु गर्नुपर्दछ ।

# राष्ट्रिय जनगणना २०६८

## राष्ट्रिय जनगणना २०६८: आ. व. २०६७/६८ कार्य तालिका

| क्र. सं. | कामको विवरण | समय | कैफियत |
|---|---|---|---|
| १. | प्रशिक्षक प्रशिक्षण कार्यशाला सञ्चालन | २०६७ माघ १३–२६ सम्म | केन्द्रस्तर |
| २. | जिल्ला जनगणना अधिकृत तालिम | २०६७ फागुन ५–२३ सम्म | केन्द्रस्तर |
| ३. | इलाका सुपरिवेक्षकको तालिम | २०६८ फागुन ११–२३ सम्म | केन्द्रस्तर |
| ४. | जिल्ला जनगणना कार्यालयको स्थापना | २०६७ चैत्र १ सम्म | |
| ५. | जिल्ला जनगणना समन्वय समितिको गठन तथा वैठक | २०६७ चैत्र २ - ९सम्म | |
| ६. | जिल्ला जनगणना कार्यालयका लागि भवन भाडामा लिने | २०६७ चैत्र १ - १२ सम्म | |
| ७. | इलाका सुपरिवेक्षकको व्यवस्थाको लागि तयारी गर्ने | २०६७ चैत्र १० – २० सम्म | |
| ८. | इलाका सुपरिवेक्षकको काज तथा नियुक्ति र इलाका जनगणना कार्यालय स्थापनाको प्रक्रिया बढाउने । | २०६७ चैत्र २० – ३० सम्म | |
| ९. | गणक तथा सुपरिवेक्षक पूर्ति गर्ने व्यवस्थाको लागि तयारी गर्ने | २०६८ वैशाख ५ सम्म | |
| १०. | जिल्ला तहमा जनगणनाको १ (एक) दिने सचेतना गोष्ठी गर्ने | २०६७ चैत्र १५ - २५ सम्म | |
| ११. | इलाका जनगणना कार्यालयको स्थापना | २०६८ बैशाख १ गते | |
| १२. | इलाका सुपरिवेक्षकको तालिम | २०६८ वैशाख ३ - १० सम्म | ८ दिन |
| १३. | इलाका तहमा जनगणनाको सचेतना गोष्ठी | २०६८ वैशाख ११ देखि २० सम्म | |
| १४. | सुपरिवेक्षकहरुको नियुक्ति तथा कार्यक्षेत्र तोक्ने | २०६८ वैशाख १५ -२० सम्म | |
| १५. | सुपरिवेक्षकहरुको तालिम | २०६८ वैशाख २२ - २८ | ७ दिन |
| १६. | घरपरिवार सूचीकरण गर्न सुपरिवेक्षकहरु आ-आफ्नो कार्य क्षेत्रमा पुग्ने | २०६८ वैशाख ३१ गते सम्म | |
| १७. | सुपरिवेक्षकहरुबाट घरपरिवार सूचीकरण **(Household Listing)** कार्य सम्पन्न गर्ने | २०६८ जेष्ठ १ - १८ सम्म | १८ दिन |
| १८. | गणनाको तयारी कार्यहरु जस्तैः सुचीकरण उतार फाराममा सार्ने, स्याम्पल छनौट, गणक तालिमको तयारी, गणना सामग्री जाँच/तयारी आदि कार्य पूरा गर्ने | २०६८ जेष्ठ १९- २० सम्म | |
| १९. | प्रशिक्षकमा छानिएका सुपरिवेक्षकहरुको प्रशिक्षक प्रशिक्षण | २०६८ जेष्ठ २२- २३ सम्म | |
| २०. | गणकहरुको नियुक्ति तथा कार्यक्षेत्र तोक्ने | २०६८ जेष्ठ २४ सम्म | |
| २१. | गणकहरुको तालिम | २०६८ जेष्ठ २५ - ३१ सम्म | ७ दिन |
| २२. | गणकहरु आ-आफ्नो क्षेत्रमा गणना सामाग्रीसहित पुग्ने | २०६८ आषाढ २ गते सम्म | |
| २३. | **जनगणनाको गणना कार्य** | **२०६८ आषाढ ३ – आषाढ १३ सम्म** | **११ दिन** |

### १.११ **जनगणना तालिम व्यवस्था**

जनगणना कार्यमा संलग्न जनशक्तिलाई जनगणना विधि, प्रश्नावली लगतहरु भर्ने तरिका, व्यवस्थापनका कुराहरु आदि जनगणनासम्बन्धी विविध ज्ञान दिलाई प्रशिक्षित बनाउने कार्य अति महत्वपूर्ण छ । यसैले राष्ट्रिय जनगणना २०६८ को स्थलगत गणना कार्य संचालन गर्न मुख्य पाँच तहमा तालिमको व्यवस्था गरिएको छ । ती हुनः

- केन्द्रमा
  - (क) जिल्ला जनगणना अधिकृत
  - (ख) प्रत्येक जिल्लाको लागि एक एक इलाका सुपरिवेक्षक
- जिल्लामा
  - (क) इलाका सुपरिवेक्षक
  - (ख) सुपरिवेक्षक
- इलाकामा
  - (क) गणक

### १.१२ **जनगणना सामग्री व्यवस्था**

राष्ट्रिय जनगणना २०६८ को लागि आवश्यक सामग्रीहरु जस्तो प्रश्नावली लगत फारामहरु - घरपरिवार सूचीकरण लगत, गणकका लागि सूचीकरण उतार फाराम, लगत १ बुक, लगत १ र लगत २ को संयुक्त बुक, गणना निर्देशिका, प्रचार प्रसार सामग्री, गणना क्षेत्र नक्सा तथा अन्य जनगणना सामग्रीहरु प्रत्येक गाउँ विकास समिति तथा महा/उपमहा/नगरपालिकाका गणना क्षेत्रहरुमा पर्याप्त परिमाणमा गणना कार्य शुरु हुनुअगावै पुग्नु अत्यन्त जरुरी हुन्छ । अतः समयमै पर्याप्त सामग्री गणना क्षेत्रसम्म पुऱ्याउन नसकेमा जनगणनाबाट लक्षित उद्देश्यअनुरुप समयमै कार्य सम्पन्न गर्न बाधा पुग्नजान्छ ।

गणनाको लागि आवश्यक सम्पूर्ण प्रश्नावली लगतहरु, गणक झोला, छाता, रातो र निलो डटपेन तथा अन्य सामग्रीहरु केन्द्रमा नै तयार गरी व्यवस्थित प्याकिंग गरिएको छ । प्रत्येक जिल्लाको गाउँ विकास समिति तथा महा/उपमहा/नगरपालिकाका वडाहरुको लागि गणनाका प्रश्नावली लगतहरु, अनुमानित परिवार संख्याअनुसार आवश्यक हुने संख्यामा छुट्टै प्लास्टिकको झोलामा प्याकिंग गरिएको छ । यसरी प्रत्येक गाउँ विकास समिति तथा नगरपालिकाका वडाहरुको छुट्टाछुट्टै प्याक गरिसकेपछि इलाका जनगणना कार्यालयअनुसार छुट्टयाई बोरामा प्याकिंग गरिएको छ ।

जनगणनाका सामग्रीहरु उपयुक्त साधनद्वारा जिल्लाका सबै गा. बि. स., नगरपालिकामा पुऱ्याउने जिम्मा जनगणना अधिकृतलाई दिइएको छ । यी सामग्रीहरु इलाका कार्यालयबाट गणना क्षेत्रमा समयमै सुरक्षित तवरले पुऱ्याउने व्यवस्था तथा वितरण मिलाउने जिम्मेवारी इलाका सुपरिवेक्षकको हुनेछ ।

जिल्ला सदरमुकामबाट जनगणना सामग्री इलाकामा पुगेपछि इलाका सुपरिवेक्षकले विभिन्न गणना क्षेत्रका लागि सामग्रीहरु छुट्ट्याउनुपर्नेछ र सामग्री नपुग हुने देखिएमा समयमै जिल्ला जनगणना कार्यालयमा खवर गर्नु पर्नेछ । तालिमसम्बन्धी सामानहरुको पहिले आवश्यकता पर्ने हुनाले यसको विशेष ख्याल राख्नुपर्दछ । **इलाका सुपरिवेक्षकले आफ्नो इलाकामा प्राप्त भएका सूची अनुसारका सामग्रीहरु अनिवार्य रुजु गरी बुझ्नुपर्दछ ।**

**इलाका स्तरीय प्याकिङ**

यस इलाकास्तरीय प्याकिङ्गमा लगत १, लगत १ र लगत २ को संयुक्त बुकहरु, रातो र निलो डटपेन, जनगणना नोटप्याड, नमूना लगतहरु, गणना क्षेत्र नक्साहरु, जनगणना झोला, पोस्टरहरु, पम्पलेटहरु प्रत्येक गा.वि.स. र नगरपालिकाका वडाहरुअनुसारको बेग्लाबेग्लै प्याक बनाई इलाका तहको प्याकिंग तयार गरिएको छ । अनुमानित घरपरिवार संख्याको आधारमा लगत १, लगत १ र लगत २ प्रत्येक गाउँ विकास समिति र नगरपालिकाको प्रत्येक वडाहरुको छुट्टा छुट्टै प्लाष्टिकको पोकाहरुमा प्याकिङ्ग गरिएको छ । उक्त पोकाहरुमा सम्वन्धित गाउँ विकास समितिको वा नगरपालिकाका प्रत्येक वडाको नाम स्पष्ट लेखिएको छ । यदि कुनै गाउँ विकास समितिको लागि आवश्यक लगतहरु एक भन्दा बढी पोकामा भए त्यस्ता पोकामा स्पष्टसंग गा.वि.स.को नाम तथा पोका संख्या पनि उल्लेख गरिएको हुनुपर्छ । तर गणना निर्देशिका (प्रश्नावली निर्देशिका, गणक निर्देशिका, नक्सा अध्ययन निर्देशिकाहरु समावेश), लैंगिक तथा सामाजिक समावेशीकरण निर्देशिका, अपांगता तथ्यांक संकलन निर्देशिका समेत सम्वन्धित इलाकाको लागि आवश्यक संख्यामा छुट्टै प्लाष्टिकको पोका बनाई प्याक गरिएको हुन्छ । यसरी प्याकिङ्ग गरिएका प्लाष्टिक पोकाहरुलाई ठूलो बोरामा राखिएको हुन्छ । बोरामा पनि सम्बन्धित इलाका तथा बोरा संख्या स्पष्ट उल्लेख गरिएको हुनेछ ।

## १.१३ प्रचार प्रसार

जनगणनाको प्रचार प्रसार कार्यको उद्देश्य नेपालमा बसोबास गरेका सबैलाई जनगणना कार्यको जानकारी गराउनु नै हो । जनमानसमा जनगणनासम्बन्धी केही भ्रम भए

सो हटाई जनगणनाप्रति सबैको रुची एवं चासो बढाई सहयोगको भावना जागृत गराउन प्रचार प्रसारले मद्दत पु-याउनेछ । हाम्रो घरमा गणक आउँदैछन् र हामीले सही विवरण दिई सहयोग गर्नुपर्दछ भन्ने भावना सर्वसाधारणमा जागृत गराउन सकिएमा गणकलाई सही विवरण (तथ्याङ्क) सङ्कलन गर्न सजिलो हुन्छ ।

प्रचार प्रसारका मुख्य उद्देश्य निम्नानुसार रहेका छन् :

१. जनगणना हुँदैछ भन्ने जानकारी गराई सोधिने प्रश्नको सही जवाफ दिई सहयोग गर्न सबैलाई अनुरोध तथा आव्हान गर्नु ।
२. जनगणनाको महत्व, आवश्यकता र यसको अन्य जानकारी सबैमा गराई सबैबाट सहयोग प्राप्त गर्नु ।
३. सर्वसाधारणमा हुनसक्ने शङ्का हटाएर जनगणनामा सङ्कलन गरिने विवरण सबैका लागि हो भन्ने भावना जगाई सही तथ्याङ्क उपलब्ध गराउनेतर्फ उत्तरदाताहरुको विश्वास जगाउनु तथा जनगणनाप्रति दायित्वबोध गराउनु ।
४. तथ्यांक ऐन २०१५ अनुसार उत्तरदाताहरुले दिएको व्यक्तिगत तथा पारिवारिक बिवरणहरु गोप्य रहने र सामूहिकरुपमा मात्र प्रकाशित हुने कुराको विश्वास दिलाउनु ।
५. जनगणनामा सङ्कलन गरिने विवरणहरुको जानकारी दिनु ।

## १.१४ नक्साको प्रयोग र इलाकाअन्तर्गत गणना क्षेत्र निर्धारण

निश्चित सीमाभित्र अक्सर बसोवास गर्ने व्यक्तिहरु कोही पनि नछुट्ने र नदोहोरिने गरी गणना कार्य सम्पन्न गर्नु गणना कार्यको प्रमूख उद्देश्य हो । यसैले स्पष्ट किटान भएको गणना क्षेत्र हुनु अति जरुरी हुन्छ । यस्तै गणनाको कार्यमा खटिएका गणक कर्मचारीलाई पनि आफ्नो कार्य क्षेत्रको सीमाना स्पष्ट हुनु अपरिहार्य छ । अतः जनगणनामा नक्साको प्रयोगबाट गणना क्षेत्र एकीन भई गणना कार्य निकै सजिलो हुन्छ । यसरी जनगणनाको प्रयोगको लागि तयार भएको नक्सा अन्य कार्यमा पनि निकै उपयोगी हुने भएको हुनाले यसलाई जनगणनाको उपजको रुपमा पनि लिन सकिन्छ ।

गणना कार्यको प्रयोगका लागि केन्द्रबाट नक्साहरु उपलब्ध गराइएका छन् । यी नक्सा समेतको अध्ययन गरी गणना क्षेत्र (Enumeration Area) निर्धारण गर्नुपर्दछ । सामान्यतया, गाउँ विकास समिति क्षेत्रमा एक वडालाई एक गणना क्षेत्र कायम गर्नुपर्दछ । यदि कुनै वडामा जनसंख्याको चाप बढी भएमा वा क्षेत्रफल निकै ठूलो भएमा एकभन्दा

बढि गणना क्षेत्रहरुमा विभाजन गर्न सकिन्छ । नगरपालिका क्षेत्रमा जन घनत्व, क्षेत्रफलको आधारमा एक वडालाई एक भन्दा बढी गणना क्षेत्रमा पनि विभाजन गर्न सकिन्छ ।

- **गाउँ विकास समितिको नक्सा**

  यस जनगणनाको प्रयोगको लागि प्रत्येक गाउँ विकास समितिको वडा सिमाना समेत स्पष्ट भएको नक्सा तयार गरिएको छ । यो गाउँ विकास समितिको नक्साहरु सम्वन्धित इलाका जनगणना कार्यालयलाई उपलव्ध गराईने छ । यसको प्रयोग सम्वन्धित सुपरिवेक्षक तथा गणकहरुले आफ्नो क्षेत्रको गणना कार्यमा प्रयोग गर्ने अपेक्षा गरिएको छ । यसको प्रयोगबाट गणना क्षेत्र निर्धारण गर्न सकिने छ। गाउँ विकास समितिको नक्साको उपयोग गरी बढी जनसंख्या भएका वडाहरुमा गणक कार्यबोझलाई ध्यानमा राखि गणना क्षेत्र सम्वन्धित इलाका जनगणना कार्यालयले निश्चित गर्न सक्नेछ ।

- **नगर क्षेत्रको नक्सा**

देश भित्रका सबै नगरपालिकाहरुको वडा सिमाना अंकित नक्सा पनि उपलव्ध गराईने छ । जनघनत्व र भौगोलिक सुगमता र विकटता अनुसार नगरपालिकाका वडाहरुलाई गणनाको कार्य बोझलाई ध्यानमा राखि गणना क्षेत्रहरुमा विभाजन गरिएको छ ।

नक्साको साधारण ज्ञान तथा प्रयोग विधि सम्वन्धि निर्देशन गणना निर्देशिकाको छुट्टै नक्सा अध्ययन खण्डमा दिइएको छ । सोही अनुसार जनगणनामा संलग्न हुने अधिकृत देखि गणक सम्मका कर्मचारीहरुले अध्ययन गरी प्रयोगमा ल्याउनु पर्दछ ।

## १.१५ जनगणनाको कार्यक्षेत्र

जिल्ला भित्र गणना कार्य संचालनका लागि इलाका संख्या केन्द्रबाट तोकिएको छ । इलाका सुपरिवेक्षक, सुपरिवेक्षक र गणकहरुको क्षेत्र निम्नानुसार हुनेछ :

१. इलाका सुपरिवेक्षक : प्रत्येक इलाकामा एक जना इलाका सुपरिवेक्षक रहने छ ।

२. सुपरिवेक्षक : सामान्यतया सरदर ४ (चार) देखि ६(छ) जना गणकका लागि एक सुपरिवेक्षक खटाइने छ । गणना क्षेत्रको सुगमता र भौगोलिक क्षेत्र अनुसार नजिक टाढाको बिचार गरी यसमा हेरफेर गर्न सकिने छ । ४ (चार) जना भन्दा कम गणक भएको गणना क्षेत्रमा पनि एक सुपरिवेक्षक खटाउन सकिने छ । सुपरिवेक्षकले प्रत्येक गणकले गरेको काम निरीक्षण गर्नुका साथै भरिएका फारामहरुको पनि जाँच गर्नु पर्ने भएकोले एउटा सुपरिवेक्षक अन्तरगतका वडाहरु यथासम्भव एक अर्कासँग जोडिएको

हुनु पर्नेछ ।

३. गणक : गणकहरुलाई गणना क्षेत्र छुटयाउनका लागि २०६८ सालको प्रक्षेपित परिवार संख्यालाई आधार बनाउन सकिने छ । गणना क्षेत्र तोक्दा एक दिनमा गणना गर्न सकिने सरदर परिवार संख्याको विचार गर्नु पर्दछ। साथै, यातायात, भौगोलिक सुगमता या विकटता आदिको पनि विचार गर्नुपर्दछ। गणकलाई कार्य बोझको विचार गरी संभव भए गा.वि.स.हरुका पूरा वडा नै तोक्नु पर्दछ। नगरपालिकाको सन्दर्भमा गणकको कार्यबोझ एक वटा सिंगै वडा वा वडाको कुनै एक खण्ड (गणना क्षेत्र) तोक्नुपर्दछ ।

गणकलाई तोकिएको क्षेत्र सामान्यतया, ११ दिनमा गणना गर्न सकिने हुनु पर्दछ । एउटा गणना क्षेत्रको सरदर अनुमानित घरसंख्या, परिवार संख्या तथा जनसंख्याको जानकारी हुन आवश्यक पर्दछ। सम्भव भएसम्म गणक स्थानीय व्यक्ति भएमा बेस हुनेछ। गणना क्षेत्र तोक्दा महिला गणकलाई प्राथमिकता दिनु पर्दछ ।

गणकलाई कार्यक्षेत्र तोक्दा क्षेत्रको जनघनत्व, घरहरु कति छरिएका छन्, उकालो ओरालो, खोलानाला, बाटोघाटो जस्ता भौगोलिक सुगमता र विकटता कस्तो छ, आदि कुराको समेत बिचार गर्नु पर्दछ । एकै ठाउँमा भएको धेरै वस्ति र छरिएर रहेको गाउँ, वस्ती, टोलमा छुट्टाछुट्टै किसिमको कार्य बोझ हुनसक्दछ । कुनै ठाउँमा गणना गर्नु भन्दा एक घरबाट अर्को घरसम्म पुग्न बढी समय लाग्ने पनि हुन सक्दछ।

## १.१७ आर्थिक व्यवस्था

१. जनगणनामा संलग्न गणकहरु तथा जनगणना निश्चित रकम पाउने गरी काजमा वा करारमा नियुक्त भएका कर्मचारीहरुले नियमानुसार पाउने निश्चित रकम पेश्की स्वरुप कार्य स्थलमा जानु अघि पाउन सक्ने कुरा राष्ट्रिय जनगणना २०६८ को अधिकृत निर्देशिकाको आर्थिक (व्यवस्था) निर्देशनहरुमा उल्लेख गरिएको छ । यस्तो पेश्की इलाका सुपरिवेक्षकको सिफारिसमा जिल्ला जनगणना कार्यालयले पेश्की खर्च लेख्ने व्यवस्था गरिएको छ । इलाका सुपरिवेक्षकले यस्तो पेश्कीको सिफारिस गर्दा रकम कलम हिनामिना हुन नसक्ने तथा मितव्ययिताको दृष्टिकोण अपनाई बढीमा एक महिनाको लागि पाउने रकमको तीन खण्डको एक खण्ड भन्दा बढी नहुने किसिमबाट सिफारिस गर्न सक्नेछ ।

२. जनगणना अधिकृतले इलाका सुपरिवेक्षक अन्तर्गतका सुपरिवेक्षक तथा गणकहरुको निश्चित रकम वितरण गर्न काम सुम्पेको अवस्थामा इलाका सुपरिवेक्षकले जिल्ला जनगणना कार्यालयबाट आफ्नो नाममा पेश्की बुझेर लिई काम सुम्पे अनुसार रकम वितरण गरेको बिल भर्पाई समेत सबै राखी आफ्नो नामको पेश्की नियमानुसार फछ्यौंट गराई फरफारक लिनु पर्नेछ ।

# परिच्छेद २
# इलाका सुपरिवेक्षकको कार्य

राष्ट्रिय जनगणना २०६८ मा गणना कार्यको सुपरिवेक्षण विभिन्न तहबाट हुनेछ। केन्द्रीय स्तरमा विभागबाट सुपरिवेक्षण हुनेछ भने फिल्ड स्तरमा जिल्ला जनगणना अधिकृत, इलाका सुपरिवेक्षकहरु तथा गणना सुपरिवेक्षकहरुले सुपरिवेक्षण गर्नेछन् । जनगणना अधिकृतले आफूलाई तोकिएको जिल्ला भरको कामको सुपरिवेक्षण गर्नेछ । इलाका सुपरिवेक्षकले तोकिएको इलाकाको सुपरिवेक्षण गर्नु पर्नेछ । इलाका सुपरिवेक्षकले आफ्नो इलाका भित्रका सबै सुपरिवेक्षकहरुको कार्यको सुपरिवेक्षणको जिम्मेवारी लिनु पर्नेछ । एक जना इलाका सुपरिवेक्षक अन्तरगत सुपरिवेक्षकहरुको संख्या जिल्लाको जनघनत्व, जनसंख्या वितरण, भौगोलिक अवस्था, वस्तीको वितरण, बाटोघाटोको सुगमता वा कठिनाइ अनुसार फरक हुनसक्नेछ । जनगणनाको लागि प्रत्येक जिल्लामा स्थापना हुने जिल्ला जनगणना कार्यालय अन्तरगत जिल्लालाई आवश्यकता अनुसार बढिमा ६ इलाकासम्ममा विभाजन गरी प्रत्येक इलाकामा इलाका जनगणना कार्यालय राखिने व्यवस्था छ। हिमाली क्षेत्रका केहि जिल्लाहरुमा जहाँ जनगणनाको कार्यभार कम हुन सक्छ त्यस्तो जिल्लाहरुमा इलाका कायमगर्दा कम संख्या पनि तोक्न सकिने छ।

## २.१ इलाका सुपरिवेक्षक

प्रत्येक इलाका जनगणना कार्यालयको लागि एक जना इलाका सुपरिवेक्षक रहनेछन् । हरेक इलाका सुपरिवेक्षकलाई उसको जिम्मेवारीको क्षेत्र तोकिएको हुनेछ । आफूलाई तोकिएको क्षेत्रमा सफलता साथ गणना कार्य सम्पन्न गराउनु निजको जिम्मेवारी हुनेछ । इलाका सुपरिवेक्षकले आफू अन्तरगतका सबै सुपरिवेक्षकहरुलाई सोझै सुपरिवेक्षण गर्नु पर्दछ ।

गाउँ विकास समिति र नगरपालिकाको गणना कार्यको सुपरिवेक्षणको जिम्मा सुपरिवेक्षकको भएता पनि इलाका भित्रको कामको सम्पूर्ण जिम्मेवारी इलाका सुपरिवेक्षकको नै हुनेछ । इलाका सुपरिवेक्षकले जनगणना अधिकृतको निकटतम सम्पर्क, समन्वय र निर्देशन अनुसार आफ्नो इलाकाको गणना कार्य सम्पन्न गराउनु पर्दछ । यसरी निजले सुपरिवेक्षक र जनगणना अधिकृतका बीच सेतुको काम गर्नु पर्दछ ।

इलाका सुपरिवेक्षकहरुले खास गरी निम्न कार्यमा आफ्नो ध्यान केन्द्रित गर्नु पर्दछ :

१. आफ्नो इलाका अन्तर्गतका गणकहरुको कार्यतालिका अनुसारको समयमा गणक तालिमको कार्यक्रम संयोजक भईप्रभावकारीरुपमा तालिम संचालनको व्यवस्था गर्ने ।
२. तथ्यांक संकलनका लागि गणकहरुलाई कामको बाँडफाँड गरी गणना क्षेत्रहरुमा तालिम प्राप्त गणकहरुलाई विवरण संकलनका लागि खटाउने ।
३. आफ्नो इलाकामा जनगणना प्रति सर्वसाधारणको चासो जगाउन प्रचारप्रसारका कार्यहरु संचालन गर्ने ।
४. सुपरिवेक्षकहरु मर्फत घर-परिवार सूचिकरण लगत पूर्ण र सही रुपमा विवरण संकलन गर्न लगाउने र यसको सुपरिवेक्षण गर्ने ।
५. घरपरिवार सूचीकरण फारमबाट आवश्यक विवरणहरु गणकका लागि उतार गर्न लगाउने,
६. भरिएका घरपरिवार सूचीकरण फारमहरु सम्बन्धित सुपरिवेक्षकहरुबाट बुझिलिई तोकिएको समयमा जिल्ला जनगणना कार्यालयमा पठाउने व्यवस्था गर्ने,
७. सबै परिवारमा लगत १ का विवरणहरु पूर्ण एवं सही विवरण संकलन गर्न लगाउने ,
८. छनौटमा परेका सबै परिवारको लगत २ मा भएको विवरणहरु पूर्ण एवं सही रुपमा लिन लगाउने,
९. भरिएका फारामहरुको स्थलगत सम्पादन कार्यको व्यवस्था गर्ने,
१०. गणकहरुले संकलन गरेका फारामहरु सुपरिवेक्षक मार्फत रुजुगरी बुझि लिई सुरक्षितरुपमा प्याकिंग गरि तोकिएको समयमा जिल्ला जनगणना कार्यालयमा बुझाउने ।

## २.२ परिचय-पत्र

इलाका सुपरिवेक्षकलाई निजको पदको परिचयका लागि आवश्यक परेको खण्डमा देखाउन (निश्चित अवधिका लागि) परिचय-पत्र समेत उपलब्ध गराइएको छ । परिचय-पत्र विभागबाट वा सम्बन्धित जनगणना अधिकृतबाट प्राप्त हुनेछ । इलाका सुपरिवेक्षकले आवश्यकता अनुसार प्रस्तुतगर्न सकिने गरी परिचय-पत्र आफ्नो साथमा राख्नु पर्नेछ । सुपरिवेक्षक तथा गणकहरु परिचय पत्रको वितरण गर्ने कार्यमा इलाका सुपरिवेक्षकले सहयोग गर्नुपर्दछ ।

## २.३ इलाका सुपरिवेक्षकको काम, कर्तव्य र जिम्मेवारी

इलाका सुपरिवेक्षकको काम गणना कार्य (field enumeration) शुरु हुनु भन्दा अगावै (बैशाख देखि) शुरु हुनेछ र गणना कार्य सकिए पछि पनि (आषाढ मसान्त सम्म) जारी रहनेछ । तथ्याङ्क सङ्कलनका समयमा इलाका सुपरिवेक्षकको मुख्य काम सुपरिवेक्षकहरु र गणकहरुले गरेको कामको सुपरिवेक्षण गर्नु नै हुनेछ ।

### २.३.१ गणना पूर्वका कार्यहरु

प्रत्येक घरपरिवारको घरदैलोमा पुगी जनगणनाको तथ्याङ्क सङ्कलन शुरु हुनु भन्दा पहिले आफ्नो इलाका भित्र विभिन्न तयारी कार्यहरु गर्नु पर्दछ। यी कार्यहरु यस प्रकार छन् :

१. इलाका जनगणना कार्यालयको स्थापनाका लागि घर भाडामा लिने प्रक्रियामा सहयोग गर्ने ।

२. इलाका स्तरीय जनगणनाबारे जनचेतना गोष्ठी कार्यक्रम संचालन गर्ने ।

३. गणना कार्यमा संलग्न हुने व्यवस्था भएको कर्मचारीहरुको कार्य विभाजन र तालिमको व्यवस्थाका लागि पहल गर्ने ।

४. आफ्नो इलाकाको नगरपालिका र गाउँ विकास समितिबाट प्राप्त हुन सक्ने जनसङ्ख्याको विवरण अध्ययन गर्ने ।

५. जनगणनाको गणक तालिमकालागि उपयुक्त स्थानको व्यवस्था गर्ने ।

६. तालिममा संलग्न हुने सबै प्रशिक्षार्थीलाई तालिमको मिति तथा गर्नु पर्ने तयारीका बारेमा जानकारी गराउने ।

७. सम्बन्धित इलाकाको जनगणना नक्सा अध्ययन गरी गा.वि.स., न.पा., (वडा) तथा गणना क्षेत्र सम्बन्धी जानकारी लिने ।

८. जनगणनाको प्रथम चरणको सूचीकरण कार्यको अनुगमन तथा सुपरिवेक्षण कार्य गर्ने ।

९. गणकहरुको कार्यक्षेत्र तोक्ने ।

१०. आफ्नो इलाकामा स्थानीय माध्यमको उपयोग गरी जनगणनाको प्रचार प्रसार कार्य सञ्चालन गर्नु पर्दछ ।

११. स्थानीय तहमा रहेका सरकारी एवं गैर सरकारी निकाय र कर्मचारीहरुसँग जिल्ला जनगणना कार्यालय मार्फत् समन्वय कायम गरी जनगणना कार्य

सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउनु पर्दछ ।

१२. जनगणना कार्यालयबाट प्राप्त भएको गणना सामग्री सुरक्षित तवरले राख्न र सुपरिवेक्षक तथा गणकको सम्पर्कका लागि उचित ठाउँमा इलाका कार्यालय खोल्नु पर्दछ । गणना सम्बन्धी लगत फाराम तथा अन्य सामग्रीहरु आफ्ना इलाकाको लागि पर्याप्त छ, छैन भन्ने कुरामा राम्रो ध्यान पुऱ्याई नपुग हुने देखिएमा समयमै जनगणना अधिकृतसँग सम्पर्क गरी सुव्यवस्थित ढंगले कार्यक्रम अनुसार समय भित्रै गणना सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाउनु पर्दछ ।

१३. जनगणना सामग्रीहरु आफ्नो इलाका भित्रका सुपरिवेक्षकहरुलाई तोकिएको समयमा उपलब्ध गराई सक्नु पर्दछ । फारामहरु वितरण गर्दा केहि लगत फारामहरु आफूसँग जगेडा राख्नु पर्दछ ।

१४. जिल्ला जनगणना अधिकृत र प्रशिक्षक प्रशिक्षण प्राप्त सुपरिवेक्षकहरुको सहयोगबाट गणक तालिम सञ्चालन गर्नु पर्दछ । गणक तालिम सञ्चालनका लागि समयमै उपयुक्त स्थानको व्यवस्था समेत गर्नु पर्नेछ ।

१५. आफ्नो इलाका अन्तरगतका गा. बि. स. वा नगरपालिकामा रहने सुपरिवेक्षक एवं गणकहरु पर्याप्त संख्यामा तथा ठीक समयमा उपलब्ध हुने व्यवस्था मिलेको छ, छैन हेरी करारमा नियुक्ति गरी पूरा गर्नु पर्ने भएमा समय मै पूरा गर्ने व्यवस्थाका लागि आफ्नो जनगणना अधिकृतलाई जानकारी गराउनु पर्नेछ ।

१६. सुपरिवेक्षक र गणकलाई भरसक समान कार्य बोझ पर्ने गरी गणनाको कार्य विभाजन गर्न जनगणना अधिकृतलाई सहयोग गर्नु पर्नेछ ।

१७. जिल्ला सदरमुकाममा हुने सुपरिवेक्षक तालिम कार्यक्रममा जनगणना अधिकृतको संयोजकत्वमा तालिम सञ्चालन गर्नु पर्ने छ ।

### २.३.२ गणना कार्यको समयमा इलाका सुपरिवेक्षकले गर्नु पर्ने कार्यहरु

१. गणकहरुद्वारा प्रश्नावली लगतहरुका विवरण लिने कार्यको निकटतम सुपरिवेक्षण गर्ने जिम्मा सुपरिवेक्षकको भए तापनि तोकिएको समयमा कार्य शुरु भएको छ, छैन; शुरु भएको काम ठिकसँग भइरहेको छ, छैन; गणकहरुको कामको सुपरिवेक्षकले प्रभावकारी रुपबाट सुपरिवेक्षण गरी रहेका छन्, छैनन् भन्ने कुरामा आफ्नो क्षेत्रभित्र पूर्ण रुपमा रेखदेख गर्नु पर्दछ ।

२. सुपरिवेक्षकलाई सुपरिवेक्षणका लागि गणना क्षेत्र तोकि दिनु पर्दछ ।

३. आफ्नो इलाकामा सञ्चालनहुने गणनाकार्यको पूर्णरुपमा निर्देशन गर्नुका साथै सुपरिवेक्षण समेत गर्नु पर्नेछ । आफ्नो इलाका भित्रको गणना कार्यको शुद्धताको लागि सुपरिवेक्षक निर्देशिकामा उल्लेख भए बमोजिम भए नभएको सम्बन्धमा सुपरिवेक्षकले जस्तै चेक वा जाँच समेत गर्नु पर्दछ ।

४. फिल्ड जाँच र स्थलगत छड्के जाँच गरी गणक एवं सुपरिवेक्षकहरुको कामको गुणस्तर जाँच गर्नु पर्दछ । सकेसम्म हप्तामा कम्तिमा दुई पटक आफ्नो क्षेत्र भित्रका सुपरिवेक्षकहरुसँग भेटी निजहरुको क्षेत्रमा भई राखेको काम कारवाहीको समीक्षा गर्नु पर्दछ । यसरी आफ्नो क्षेत्र भित्रको कार्यहरुको समीक्षा गर्दा देखिन आएका समस्याहरु र कार्य प्रगतिहरु जनगणना अधिकृतलाई लिखित रुपमा प्रस्तुत गर्नु पर्दछ ।

५. जनगणना कार्यमा कुनै पनि बसोबासको स्थान नछुटोस् र सुपरिवेक्षण कार्य सजिलो होस् भन्ने हेतुले गा..बि. स. र नगरपालिकामा गणना क्षेत्र विभाजन गरी नक्साहरु तयार गरिएका छन् । इलाका सुपरिवेक्षकले आफ्नो क्षेत्र भित्रका यी नक्साहरु अध्यावधिक छन्, छैनन्; गणना इलाका नक्साहरुका बीचमा काटिएको वा छुटेको छ, छैन भन्ने जस्ता कुरा सूक्ष्म रुपमा अध्ययन गरी यथार्थ जानकारी हासिल गरी समस्याहरु यथासमयमा समाधान गर्ने व्यवस्था गर्नु पर्दछ ।

६. सवै आवश्यक फाराम एवं सामग्रीहरु सुपरिवेक्षक एवं गणकसम्म पर्याप्त मात्रामा पुगेको छ की छैन् भन्ने कुरा यकिन गर्ने र अपुग हुने देखिएमा जिल्ला जनगणना कार्यालयमा सम्पर्क गरी फाराम एवं सामग्रीहरु उपलब्ध गराउनु पर्दछ ।

७. कुनै गणक काममा अयोग्य देखिएमा वा कुनै कारणले काम गर्न नसक्ने हुन गएमा गणक परिवर्तनका लागि सुपरिवेक्षकको प्रतिवेदन लिई आवश्यक कार्यबाहीको लागि जनगणना अधिकृत समक्ष पेश गर्नु पर्दछ र उक्त गणकको जिम्मेवारीमा रहेको काम गणना समयमै पूरागर्नुपर्दछ ।

८. आफ्नो काम सन्तोषजनक रुपमा सम्पन्न गर्न नसक्ने देखिएका सुपरिवेक्षक बदल्नु पर्ने भएमा सो कुराको लागि जिल्ला जनगणना अधिकृत समक्ष सिफारिस गर्नु पर्दछ ।

९. आफ्नो इलाकाको हप्ता भरको कार्य प्रगति विवरण जनगणना अधिकृत समक्ष पेश गर्नु पर्दछ ।

१०. गणकलाई आइपरेका समस्या समाधान गर्न सुपरिवेक्षकलाई निर्देश गर्नुका साथै सघाउने कार्य पनि गर्नु पर्दछ । इलाकामा अपरझट पर्न आउने समस्या समाधान गर्न जिल्ला जनगणना अधिकृतलाई सहयोग गर्नु, निर्देशन अनुरुप काम गर्नु, आवश्यकता अनुसार परिआएका अन्य काम गर्नु पर्दछ ।

११. भरिएका प्रश्नावली लगत फारामहरुका विवरणहरु ठीक तरीकासँग पूरा भरे वा नभरेको जाँच गर्नु पर्दछ । यसरी फारामहरु जाँच गर्दा गणनाको गुणस्तर कायम गर्न गणना ठीक तवरले भएको वा नभएको यकिन गर्ने सम्बन्धमा सुपरिवेक्षक निर्देशिकामा दिइएको बुँदा अनुसार सुपरिवेक्षकले जाँच गरिसकेको भए पनि छानविन गरी गुणस्तर कायम नभएको देखिएमा सुपरिवेक्षकलाई आवश्यक निर्देशन दिई जनगणना अधिकृतलाई जानकारी गराई अधिकृतबाट प्राप्त निर्देशन अनुसार गर्नु पर्दछ ।

### २.३.३ तथ्याङ्क सङ्कलन कार्य पश्चात्

१. गणकहरुले विवरण भरेर ल्याएका प्रश्नावली लगतहरु सुपरिवेक्षकले आफ्नो इलाका सुपरिवेक्षक कहाँ बुझाउने छन् । यसरी इलाका सुपरिवेक्षकले आफ्नो क्षेत्र भित्रको सबै लगत फारामहरु सङ्कलन गरी सुरक्षित ढंगले जिल्ला जनगणना अधिकृतलाई बुझाउनु पर्दछ ।

२. आफूलाई तोकिएको इलाका क्षेत्र भित्रका सम्पूर्ण घर-परिवारको गणना भएको कुरा निश्चित गर्नु पर्दछ । यसमा सवभन्दा महत्वपूर्ण सारांशको (Summary) रुपमा तयार भएको कन्ट्रोल फाराम (Control Form) का विवरणहरु हुन् जुन अनिवार्य रुपमा बेग्लै फाइलमा पूर्ण रुपमा ठीक दुरुस्त भरिएको हुनु पर्दछ ।

३. आफ्नो इलाका भित्रका भरिएका सम्पूर्ण लगत फारामहरुको प्रारम्भिक सम्पादन कार्य गर्नु पर्दछ ।

४. आफ्नो इलाका भित्रका भरिएका सम्पूर्ण लगत फारामहरु निश्चित अवधि भित्र जनगणना अधिकृतलाई बुझाउनु पर्दछ ।

५. जिल्ला जनगणना अधिकृतले समय समयमा निर्देशन गरे बमोजिमका जनगणनासम्बन्धी अन्य कार्यहरु समेत गर्नु पर्दछ ।

## २.४ जनगणना सामग्री बुझाउने

राष्ट्रिय जनगणना २०६८ को गणना कार्य समाप्त भए पछि र भरिएका प्रश्नावली लगत फारमहरु सुव्यवस्थित ढंगबाट जिल्ला जनगणना कार्यालयमा पठाइए पछि जनगणना संचालनका लागि खरिद गरिएका खर्च भएर नजाने सामग्रीहरु जस्तै फर्निचर आदि जिल्ला जनगणना कार्यालयमा बुझाउनुपर्दछ ।